करैयामाई गाउँपालिका

करैया, बारा

# स्थानीय राजपत्र

खण्ड ४ संख्या १ मिति २०७७।०३।१५

भाग–१

## करैयामाई गाउँपालिका कृषि तथा पशुपन्छि ऐन, २०७७

**प्रस्तावना :-**

करैयामाईगाउँपालिकाकोआर्थिकबर्ष२०७७/०७८को लागि कृषि तथा पशुपालन, कृषि उत्पादन, व्यवस्थापन र पशु स्वास्थ सम्बन्धि स्थानीय निति, कानुन, मापदण्ड, योजना कार्यान्वयन अनुगमन र नियमन गर्न बान्छनिय भएकाले,

नेपालको संविधान धारा २२६ को उपधारा १, स्थानिय सरकार संचालन ऐन, २०७४को दफा १०२ को उपदफा (१) को अधिकार प्रयोग गरी गाउँसभाले करैयामाईगाउँपालिका कृषि तथा पशुपन्छि ऐन,२०७७ पारितगरिएकोछ।

परिच्छेद-१

**प्रारम्भिक**

**१संक्षिप्त नाम र प्रारम्भ**

(क) यस ऐनको नाम "करैयामाई गाउँपालिका कृषि तथा पशुपन्छि ऐन,२०७७" रहेको छ ।

(ख) यो ऐनको कार्यक्षेत्र करैयामाई गाउँपालिका भर हुनेछ ।

(ग) यो ऐन तुरुन्त लागू हुनेछ ।

२ परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कृषि तथा पशुपन्छि" भन्नाले दफा ३ बमोजिमको व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(ख) "कृषि" भन्नाले कृषि उत्पादन तथा व्यवस्थापन गर्ने कार्य सम्झनुपर्छ ।

(ग) "पशुपन्छि" भन्नाले पशु तथा पन्छि पालन, व्यवस्थापन तथा पशुपन्छि स्वास्थ्य सम्बन्धि गरिने कार्यलाई सम्झनु पर्दछ ।

(घ) गाउँपालिका भन्नाले करैयामाई गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

**३.व्यवस्थापन**: क) कृषि तथा पशुपन्छि बजार सुचना तथा पूर्वाधार निर्माण साना सिँचाई निर्माण तालिम प्रविधि प्रसार प्राबिधिक सेवा कृषि सामाग्रि आपुर्ति र कृषक क्षमता विकास कार्यको संचालन अनुगमन नियमन।

ख) कृषि तथा पशुपन्छि जन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण ।

ग) पशुपन्छि चिकित्सा सेवाको व्यवस्थापन ।

घ) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन ।

ङ) पशु नश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन ।

च) उच्च मुल्ययुक्त कृषि जन्य वस्तुको प्रवर्द्धन विकास तथा बजारिकरण ।

छ) स्थानीय चरन तथा घाँस विकास व्यवस्थापन ।

ज) पशु आहाराको गुणस्तर नियमन ।

झ) स्थानीय स्तरमा पशुपन्छि सम्बन्धि तथ्याङ्कको व्यवस्थापन र सूचनाको प्रणालि ।

ञ) पशु बधशाला र शितभण्डारणको व्यवस्थापन र नियमन

ट) कृषि तथा पशुपन्छि विमा र कर्जा सहजिकरण

ठ) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धि अन्य कार्य समेत सम्झनु पर्दछ ।

ड) कृषि व्यवसायमा प्रयोग गरिने विषादिलाई न्यूनीकरण गर्दै सिङ्गै गाउँपालिकालाई विषादि मुक्त पालिकाको रुपमा विकास गर्ने र अर्गानिक खेति प्रणालीलाई प्रोत्साहन गर्ने ।

## परिच्छेद–२

## समिति सम्बन्धि व्यवस्था

**४) कृषि विकास समितिको गठन** :दफा ३ मा उल्लेखित व्यवस्थापन कार्यान्वयन गर्ने गराउन करैयामाई गाउँकार्यपालिकाले ७ जनाको एक "कृषि विकास समिति" गठन गर्नेछ । उक्त समितिको गठन निम्नानुसार हुनेछ ।

क) गाउँ कार्यपालिकाले तोकेको व्यक्ति - अध्यक्ष

ख) कृषि तथा पशुपालन सम्बन्धि ज्ञान भएका कृषि सम्बन्धि निति निर्माणमा सहयोग पुर्याउन सक्ने कार्यपालिका सदस्य मध्ये १ महिला सहित २ जना -सदस्य

ग) पशु स्वास्थ्य शाखा प्रमुख सदस्य

घ) कृषि शाखा प्रमुख सदस्य

ङ) योजना शाखा प्रमुख सदस्य

च) प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव

**५) समितिको अवधि वा समाप्ति :**

१) दफा ४ को खण्ड (क) र (ख) बमोजिम गठित समितिको अध्यक्ष र सदस्यहरुको पदावधि गाउँकार्यपालिकाको बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

२) समितिको पदाधिकारी वा सदस्यले यस कार्यविधिको प्रस्तावना वा परिभाषा विपरित कार्यगरेको भनि

लिखित उजुरी परेमा समितिले छानविन गरि प्रमाणित भएमा समितिको बहुमतबाट त्यस्तो सदस्यलाई पदमुक्त गर्न गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नेछ । त्यसरी सिफारिस भै आएमा गाउँकार्यपालिकाको निर्णयानुसार पद रिक्त घोषणा गरि पदपूर्ति समेत गर्नेछ ।

३) निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**६) समितिको काम,कर्तव्य र अधिकार :**

क) कृषि उत्पादन र व्यवस्थापन निति बनाउने ।

ख) पूर्वाधार निर्माण तथा साना सिँचाई निति बनाउने ।

ग) प्रविधि प्रसारण सम्बन्धि योजना बनाउने र प्राविधिक सेवा पुर्याउने ।

घ) कृषि सामाग्रि आपूर्ति र कृषक क्षमतामा विकास गर्न कार्यक्रमहरु संचालन गर्ने ।

ङ) उच्च मुल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन विकास तथा बजारिकरण गर्ने गराउने ।

च) आफ्नो भौगोलिक अवस्थामा आधारित वालि विविधिकरण र योजना तथा आयोजना बनाउने

छ) कृषि जन्य उत्पादित वस्तुको संरक्षणका लागी शितभण्डारण तथा बजारको व्यवस्थापन गर्ने वातावरण मिलाउने वा सहयोग जुटाउने निति बनाउने साथै कृषक समुह कृषि सहकारी र कृषि फर्म सम्बन्धित संघ संस्थासंग कृषि उद्योग व्यवस्थापन गर्न समन्वयकारी भुमिका निर्वाह गर्ने

ज) व्यावसायिक उन्नत पशुपालन गर्न गराउन विशेष योजना बनाउने ।

झ) पशुस्वास्थ सम्बन्धि स्थानिय निति बनाउने र कार्यान्वयन गर्ने ।

ञ) पशुपंक्षि बजार स्थापना व्यवस्थापन गर्ने र सुचना प्रवाह गर्ने ।

ट) पशुपन्छिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण गर्ने ।

ठ) पशुपन्छि चिकित्सा सेवाको व्यवस्थापन गर्ने योजना बनाउने ।

ड) पशु नश्ल सुधारमा जोड दिएका योजना तयार गर्ने

ढ) स्थानिय पशु आहाराको संरक्षण र विकास गर्ने

ण) पशु बधशाला र शित भण्डारणको व्यवस्थापन गर्न आवश्यक योजना बनाउने

त) कृषि सम्बन्धि मलखाद तथा विउविजन बिक्रि वितरणलाई सहज बनाउन योजना बनाउन अनुगमन गर्ने

थ) कृषि सम्बन्धि मलखाद तथा विउविजन बिक्रि वितरण अनुमति विना गर्न नदिने

द) बालि तथा पशुपन्छि विमा सम्बन्धि कार्यक्रम र कर्जा सहजिकरणको भूमिका वा योजना बनाउने

ध) कृषि उत्पादनमा विकास र पशु उत्पादन वृद्धिमा विकास गर्न कृषि सहकारीसंग गाउँपालिका कृषि उत्पादन फर्म समेतको साझेदारी योजना बनाउने ।

**७) बैठकको कार्य प्रणालि :**

क) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

ख) समितिको बैठक आवश्यकता अनुसार महिनामा तिन पटक सम्म बस्न सक्नेछ

ग) समितिको निर्णय सर्वसहमतिले हुनेछ ।

घ) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित हुनु पर्नेछ ।

ङ) निर्णय प्रमाणित गर्ने अधिकार अध्यक्षमा निहित हुनेछ ।

८) **योजना तथा निर्माण कार्यान्वयन प्रक्रिया** :कृषि सम्बन्धि कार्यक्रम कार्यान्वयनका लागिकृषकहरुमध्येबाट
उपभोक्ता समिति गठन गर्न सकिनेछ ।

क) उपभोक्ता समिति गठन गरिएको निर्णयको प्रतिलिपि ।

ख) वडा कार्यालयको सिफारिस ।

ग) योजनाको नाम ।

घ) सम्बन्धित विषयगत प्रमुखको सिफारिस ।

ङ) गाउँसभा वा कार्यपालिका वैठक वा समितिको निर्णयको छायाँकपि सहित पेश भएपछि मात्र योजना
कार्यान्वयन हुनेछ ।

च) लागत सहभागिताको निर्णय भए बैंक भौचर समेत पेश गर्ने

**९) अनुगमन र निर्देशन :**

यस समितिको समग्र कामको अनुगमन मुल्याङ्कन र नियमन गर्ने देहायबमोजिमको अनुगमन समिति बनाउन सकिनेछ ।

| | | |
|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) | सम्बन्धित वडाध्यक्ष | सदस्य |
| घ) | कृषि विकास समितको अध्यक्ष | सदस्य |
| ङ) | कृषि / पशु शाखाको प्रमुख | सदस्य |

**१०) अनुगमन समितिको काम कर्तव्य र अधिकार :**

क) काम गर्ने वातावरण श्रृजना गरिदिने

ख) समस्या माथि छलफल गरि गराई निकास दिने

ग) समितिको अधिकार क्षेत्रको काम्को मुल्याङ्कन गर्ने

घ) सम्तिको कामको मुल्याङ्कनको प्रतिवेदन वनाई कार्यपालिका वैठकमा पेश गर्ने

ङ) समिति विरुद्ध निवेदन परेमा टुङ्गो लगाउने

च) कृषि पशु तथा सहकारीको लागी संघ प्रदेश सरकारसंग योजना माग गर्ने

**११) समितिको पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा :**

क) समितिका पदाधिकारी तथा सदस्यको वैठक भत्ता गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ख) समितिको कार्यालय कृषि शाखामा रहनेछ ।

१२) यो ऐन कार्यान्वयन गर्ने समितिले कार्यविधिहरु बनाउन सक्नेछ । सो कार्यविधि गाउँ कार्यपालिकाले स्विकृत गरेपछि लागू हुनेछ ।

१३) **बाधा अड्काउ फुकाउ :**यो ऐन कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँकार्यपालिकाले ऐनको भावना र मर्म विपरित नहुने गरि बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

१४)यो ऐन समय सापेक्ष बनाउन आवश्यकता अनुसार गाउँ सभाले संशोधन गर्न सक्नेछ ।

**आज्ञाले**

**बीरेन्द्र महतो**

**नि.प्रमुख प्रशासकीय अधिकृत**